निर्णय:

**निर्णय नं. १:**
यस नगरपालिकाको नगर सभाको निर्णय अनुसार राजश्व परिचालन अभियानको लागि उद्योग वाणिज्य संघ, रत्ननगरसंग समन्वय गरी राजश्व परामर्श समिति मार्फत कार्यक्रम तय गरी तत्काल कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २:**
यस नगरपालिकाको नगर सभा र नगर कार्यपालिकाबाट स्वीकृत भएका ऐन, नियम र नियमावलीहरु छपाई गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३:**
स्वास्थ्य चौकी तर्फका कर्मचारीहरुलाई २०७४ पौष, माघ र फागुन महिनाको तलव निकासा नभएकोले नेपाल सरकारबाट निकासा भएपछि सोधभर्ना हुने गरी आन्तरिक श्रोतबाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४:**
नेपालको संविधानको अनुसुची ८ को (१४) वमोजिम मालपोत र नापी सम्बन्धि कार्य न. पा.को क्षेत्राधिकार भित्र पर्ने भएको र हालका गतिविधीले नगरपालिकालाई उल्लेखित कार्य सम्बन्धि जानकारी हुने व्यवस्था नभएको र मालपोत र नापी कार्यालय यथावत संचालन गरिरहेको सन्दर्भमा हाल उक्त कार्यालयमा भएका रजिष्ट्रेसन सम्बन्धि पूर्व विवरण सहितको प्रतिवेदन मासिकरुपमा नगरपालिकालाई पछिसम्म फरक नपर्ने गरी महिना सकिएको सात दिनभित्र उपलव्ध गराउन निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ५:**
यस न. पा. अन्तर्गत वडा नं. २ मा रहेको बुढीकुलो आसपासको सार्वजनिक जग्गा संरक्षण समितिबाट रेखांकन गरी छुट्टयाईए वमोजिम एकिन गर्न सार्वजनिक सूचना प्रकासन भएवमोजिम सूचनाको समयभित्र कुनै दावी विरोध आएमा सो को अनुसन्धान गरी ऐलानी सार्वजनिक देखिएको जग्गामा तत्काल साना सवारी साधन पार्किङ्ग स्थल बनाउन पूर्वाधार निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६:**
नगरपालिका क्षेत्रभित्रका प्लटिङ्ग र जग्गा सम्बन्धि कार्य विधी तयार गर्न नगर पूर्वाधार समितिलाई १०(दश) दिनभित्र प्रतिवेदन पेश गर्ने गरी जिम्मा दिने निर्णय गरियो ।

**निर्णय नं. ७:**
यस नगरपालिकामा प्राप्त निवेदन, शिक्षा शाखाको सिफारिस र सामाजिक विकास शाखाको प्रतिवेदन वमोजिम हरिहर मन्दिर वेदवेदाङ्ग पाठशालालाई कक्षा १० को अनुमती दिने निर्णय गरियो ।

**निर्णय नं. ८:**
यस नगरपालिकाको "आधारभूत शिक्षा उत्तीर्ण परीक्षा संचालन तथा व्यवस्थापन कार्यविधी २०७४" पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९:**
महिला तथा बालिकातर्फ नगर सभाबाट विनियोजित १७,००,०००।- (सत्र लाख) मध्ये हाल तपसिलक कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो ।

क. महिला तथा बालबालिका कार्यालयमा आवद्ध नयाँ समुहक सदस्यहरुलाई ५ दिने आधारभूत तालिम संचालन गर्न रु. १,२०,०००।- (एक लाख बीस हजार)

**निर्णय नं. १०:**
रत्ननगर वडा नं. ५ स्थित दृष्टि विहिन छात्रावास निर्माणका लागि नगर सभाबाट विनियोजित विविध तथा भैपरी आउने शिर्षकबाट रु. २,००,०००।- (दुई लाख मात्र) उपलव्ध गराउने निर्णय गरियो ।

नारायण वन
नगर प्रमुख

**निर्णय नं. ११:**
जंगली जनावरको आक्रमणबाट राष्ट्रिय निकुन्ज को क्षेत्र बाहिर मृत्यु भएका व्यक्तिलाई त्यहाँबाट नै आर्थिक सहयोग गर्न अनुरोध गर्ने र राष्ट्रिय निकुन्ज भित्र मृत्यु भएकोलाई नगरपालिकाले रु. २५,०००।- (पच्चीस हजार मात्र) आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**
यस नगरपालिकाको विभिन्न स्थानमा भएको आगलागी र हावाहुरीबाट क्षति भएका तपसिलका व्यक्तिहरुलाई जनही रु. १०,०००।- (दश हजार) का दरले आर्थिक सहयोग गर्ने निर्णय गरियो ।
क. रत्ननगर न. पा. वडा नं. ५ बस्ने सूर्य बहादुर बस्नेत (आगलागीबाट क्षति)
ख. रत्ननगर न. पा. वडा नं. १६ बस्ने अर्जुन बहादुर कुँवर (हावाहुरीबाट क्षति)
ग. रत्ननगर न. पा. वडा नं. ५ बस्ने कमल नेपाल (आगलागीबाट क्षति)
घ. रत्ननगर न. पा. वडा नं. ५ बस्ने छन्नु महतो (आगलागीबाट क्षति)

**निर्णय नं. १३**
नगर सभाबाट खेलकुदतर्फ विनियोजित वजेटबाट तपसिलका ३ वटा संस्थाहरुलाई रु. २०,०००।- (बीस हजार) का दरले जम्मा रु. ६०,०००।- (साठी हजार मात्र) आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

**तपसिल**
क. टाँडी रक्स, रत्ननगरलाई Mayor Cup T-20 क्रिकेट प्रतियोगिता संचालनका लागि रु. २०,०००।- (बीस हजार)
ख. रत्ननगर तेक्वान्दो डोजाङ्ग, रत्ननगरलाई जिल्ला व्यापी नगरपालिका आमन्त्रण तेक्वान्दो प्रतियोगिताको लागि रु. २०,०००।- (बीस हजार)
ग. राईजिङ्ग क्रिकेट फर वमन महिला क्रिकेट क्लव, रत्ननगरलाई महिला क्रिकेट लिग संचालनका लागि रु. २०,०००।- (बीस हजार)

**निर्णय नं. १४**
वडा नं. २ को वडा वजेट सडक सरसफाई र सडक सोलार तर्फको १४,००,०००।- (चौध लाख मात्र) रकम टाँडीचोकबाट दक्षिण वडा नं. २ सम्मको सिमानामा रु. ३,५०,०००।- (तीन लाख) र टाँडी चोकबाट उत्तरतर्फ नविनचोकसम्मको लागि १०,५०,०००।- (दश लाख पचास हजार) रकमान्तर गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५:**
यस नगरपालिकाको शिक्षा ऐनको दफा १२ वमोजिम माध्यामिक विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष सम्बन्धित वडाको वडा अध्यक्ष हुने व्यवस्था वमोजिम वडा नं. २ का वडा अध्यक्ष श्री तिलक राज पौडेललाई नेपाल मा. वि. को व्यवस्थापन समितिको अध्यक्ष भई तत्काल कामकाज गर्ने गरी र अन्यको हकमा क्रमशः कार्यान्वयन गर्दै जाने निर्णय गरियो ।

**निर्णय नं. १६**
यस नगरपालिकाको स्थानीय राजपत्र प्रकाशन सम्बन्धि कार्यविधी २०७४ स्वीकृत गर्ने निर्णय गरियो ।

नारायण वन
नगर प्रमुख